प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI)

## सानोठिमी, भक्तपुरको

## *शैक्षिक परामर्शदाता तालिम (Educational Counsellor Training)*

## सञ्चालन हुने सम्बन्धी अत्यन्त जरूरी सूचना

## सूचना प्रकाशित मिति २०८२/०९/०२ गते

वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय र प्राविधिक प्रशिक्षण प्रतिष्ठान (TITI) का विच शैक्षिक परामर्शदाता तालिम (Educational Counsellor Training) सञ्चालन गर्न भएको द्विपक्षीय सम्झौता अनुसार प्राविधिक प्रशिक्षण प्रतिष्ठान सानोठिमी, भक्तपुरमा र चितवनमा १० दिने Educational Counsellor Training सञ्चालन हुने भएकोले वागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, हेटौंडामा दर्ता भई तालिमका लागि प्रतिष्ठान (TITI) मा नाम सिफारिस भएका शैक्षिक परामर्श तालिमका संस्थाहरुको नामावली प्रतिष्ठानको वेवसाईट www.titi.org.np मा राखिएकाले वेवसाइटमा नाम भएका संस्थाहरुले मात्र तपसिलमा योग्यता भएका नेपाली नागरिकलाई तालिममा सहभागी गराउनका लागि वेवसाइटमा राखिएको online फाराम भराउनु हुन सम्वन्धित सवैमा यो सूचना प्रकाशित गरिएको छ।

### क. तालिमका लागि सहभागीहरुले online form मा upload गर्नुपर्ने आवश्यक कागजातहरु

१. तालिमका लागि २ जना सहभागीको नाम सिफारिस गरिएको संस्थाको पत्र।
२. तालिममा सहभागी हुने व्यक्तिहरुको नेपाली नागरिकताको प्रमाण पत्र।
३. स्नातक तह उत्तीर्ण शैक्षिक प्रमाण पत्रहरु ( स्नातक तह उत्तीर्ण गरेको मूल प्रमाण पत्र, ट्रान्सकिप्ट (विदेशवाट अध्ययन गरेकाहरुको हकमा भए समकक्षताको प्रमाण पत्र समेत) स्वयं प्रमाणित गरी पेश गर्नुपर्ने।

### ख. तालिम शुल्क जम्मा गर्ने विधि

१. संस्थाहरुवाट तालिमका लागि online upload गरिएका कागजातहरु रुजु पश्चात रकम जम्मा गर्न प्रतिष्ठानवाट इमेल मार्फत जानकारी गराइनेछ।

२. प्रतिष्ठानवाट रकम जम्मा गर्न आधिकारीक इमेल प्राप्त गरेपछि मात्र TITI भक्तपुरमा संचालन हुने तालिमका लागि प्रति व्यक्ति तालिम शुल्क रु. १८०००।०० (अठार हजार मात्र) र चितवनमा तालिम लिनेहरुका लागि प्रति व्यक्ति रु. २५०००।०० (पच्चिस हजार मात्र) प्रतिष्ठानको राष्ट्रिय वाणिज्य वैंक, सानोठिमी शाखाको **T.I.T.I.** खाता नं. **1730100000740010** मा रकम जम्मा गरेको वैक भौचर स्क्यान गरी प्रतिष्ठानको इमेलमा पठाउनु पर्नेछ।

**शैक्षिक परामर्श तालिम सम्बन्धी थप जानकारीः**

१. शैक्षिक परामर्श तालिममा सहभागी हुने संस्थाहरु वागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा अनिवार्य रुपमा दर्ता भएको र तालिमका लागि प्रतिष्ठानमा (TITI) नाम सिफारिस भएको हुनुपर्नेछ।

२. तालिमका लागि नाम सिफारिस भएका संस्थाहरुको विवरण प्रतिष्ठानको वेवसाइट राखिएको छ।

३. तालिममा सहभागी हुने चाहने संस्थाहरुले सूचनामा माग भएका आवश्यक कागजातहरु र तालिम शुल्कको भौचर प्रतिष्ठानलाई प्राप्त भएपछि प्रतिष्ठानमा तालिम शुल्क जम्मा भएको मिति र समयका आधारमा संस्थाहरु नाम दर्ता गरिनेछ ।

४. संस्थाहरुको निवेदन दर्ताको क्रम अनुसार २५ जनाको समूहमा तालिम सञ्चालन हुनेछ।

५. शैक्षिक परामर्श तालिममा एक शैक्षिक संस्थावाट २ जनालाई मात्र सहभागी गराईनेछ।

६. तालिम सञ्चालनका लागि आवश्यक कागजात र तोकिएको रकम बुझाएका संस्थाहरुको संख्या पुरा भएपछि तालिमको लागि इमेल तथा फोन मार्फत सम्पर्क गरिनेछ।

७. तालिमका सहभागीहरुले तालिममा सहभागि हुन आउँदा online upload गरिएका कागजातहरु र तालिम शुल्क बुझाएको सक्कल वैंक भौचर अनिवार्य साथमा लिई आउनु पर्नेछ।

८. तालिम सञ्चालन सम्बन्धी सम्पूर्ण अधिकार प्रतिष्ठानमा निहित रहने छ।

९. तालिम संचालनको समयावधि प्रतिष्ठानको पाठ्यक्रमले निर्दिष्ट गरे वमोजिम हुनेछ।

१०. तालिमका वारेमा थप जानकारीको लागि प्रतिष्ठानको टेलिफोन नं.०१—६६३०१८७ मा सम्पर्क गर्न सकिनेछ।

कार्यकारी निर्देशक

प्राविधिक प्रशिक्षण प्रतिष्ठान

**शैक्षिक परामर्शदाता तालिमको लागि अनलाइन आवेदन प्रक्रियाः**

यदि आफ्नो सस्थाको नाम छ कि छैन भनेर हेर्न परे यहाँ क्लिक गर्नुहोस्। यदि परेको छ भन्ने थाहा छ भनेः

१. वेव व्राउजर जस्तै Google Chrome, Microsoft Edge, Opera आदि खोल्ने।

२. आफ्नो Google Account वाट लगइन गर्ने।

३. वेव व्राउजरमा गएर https://forms.gle/3G7KZ8WueGt3CsMp7 टाइप गर्ने अथवा लिङ्क छ भने क्लिक गर्ने अथवा क्युआरकोड स्क्यान गर्ने।

४. स्क्रिनमा दिइएर्को निर्देशन राम्ररी अध्ययन गर्ने र आवश्यक विवरण भर्ने तथा कागजातहरु Upload गर्ने।

**नोटः प्राविधिक प्रशिक्षण प्रतिष्ठानले यहाँहरुको निवेदन रुजु गर्नेछ र यहाँहरुलाई ईमेल अथवा फोन मार्फत सम्पर्क गर्नेछ।**